जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २४८ २०८० साल बैशाख २३ गते शनिबार (6 May 2023 Saturday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

Log in : rajbirajdainik.com.np

*यस अंक भित्र :* २ पृष्ठमा : एचआइभी संक्रमितलाई मानवअधिकारबाट... ३ पृष्ठमा : एसियाका तारा ... ३ पृष्ठमा : क्रेमलिन ड्रोन हमलामा...

# कारागार क्षेत्रको अतिक्रमित जग्गा हटाउने तयारी




**दैनिक समाचारदाता**
**राजविराज, २२ बैशाख**

राजविराज कारागारको अतिक्रमित जग्गा खाली गराउन स्थानिय प्रशासन तातेको छ। शुक्रबार कारागार परिसरमै बैठक बसि अतिक्रमित जग्गा खाली गराउने निर्णय पनि गरेको छ।

स्थानिय प्रशासन, जनप्रतिनिधि, संचारकर्मी, सरोकारवाला निकायहरुको कारागार परिसरमै बसेको बैठकले अतिक्रमणले साँघुरो बन्दै गएको कारागार क्षेत्रलाई अतिक्रमणबाट मुक्त गराउने निर्णय गरेको छ।

प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा, प्रहरी उपरिक्षण नरेन्द्र कार्की, कारागार प्रशासन तथा सरोकारवालाहरु सम्मिलित बैठकले आगामी आइतबार अतिक्रमित जग्गा खाली गराउने बारे सूचना प्रकाशित गरि प्रक्रिया अघि बढाउने निर्णय गरेको छ।

यसअघि २०६६ साल चैत १२ गते पनि कारागार व्यवस्थापन विभागले जिल्ला प्रशासन कार्यालयलाई कारागार क्षेत्रमा भएको अतिक्रमण हटाउन पत्राचार गरेको थियो। तर विविध कारण देखाई अतिक्रमण हटाउने कार्यलाई अघि बढाउन सकिएको थिएन्।

यससम्बन्धमा स्थानिय प्रशासनले यसअघि पनि पटक पटक सूचना जारि गर्दै कारागार क्षेत्रमा भएको अतिक्रमित जग्गा खाली गर्न समयसीमा नै तोकेर आग्रह गरे पनि वेवास्ता गरिदै आएको थियो।

कारागारको कुल २ विगहा १३ कठ्ा १९ धुर जग्गा रहेकामा १ विगहा ६ कठ्ा १२ धुर जग्गा अतिक्रमणको चपेटमा परेको छ। सो जग्गामा विभिन्न व्यक्तिले अतिक्रमण गरि घरटहरा नै निर्माण गरेकाले १ विगहा ७ कठ्ा ७ धुर जग्गा मात्र कारागारले उपभोग गर्न पाएको र यसले कैदीबन्दीको ब्यवस्थापन र कारागार सुरक्षामा समेत समस्या भइरहेको कारागार प्रशासनले जनाएको छ।

हाल कारागारमा कैदीबन्दी राख्ने भवन समेत जिर्ण अवस्था पुगेको छ। कारागारको १ सय २५ जना कैदीबन्दी राख्ने क्षमता रहेकोमा अहिले ३ सय भन्दा बढी कैदीबन्दी सो कारगारमा रहेका छन्।

यता कारागारको अतिक्रमित जग्गा खाली गराउने चर्चा फेरी सुरु भएसँगै वर्षौदेखी त्यसक्षेत्रमा बसोवास गर्दै आएका स्थानिय वासिन्दाहरुले बैकल्पिक व्यवस्था गरेर मात्र आफुहरुलाई बिस्थापित गर्न माग गरेका छन्।

# भारतीय नम्बरको गाडीबाट नक्कली नेपाली नोटसहित दुई पक्राउ



**दैनिक समाचारदाता**
**पर्सा, २२ बैशाख।**

जिल्ला प्रहरी कार्यालय पर्साको टोलीले भारतीय नम्बर प्लेटको गाडीभित्र नक्कली नोटसहित दुई जनालाई पक्राउ गरेको छ।

वीरगंज महानगरपालिका वडा नं. १६ चालिसफिटेस्थित सडक खण्डमा चेक गर्ने क्रममा एक हजार र पाँच सय दरको नेपाली नोट फेला परेको हो। सर्लाहीको गोडौता नगरपालिका वडा नं. १२ मधुवनी बस्ने ३४ वर्षीय आनन्द बर्दन सिंह र गाडीमा सवार बारा परवानीपुर गाउँपालिका ३६ वर्षीय ओम प्रकाश साहलाई प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ।

बीआर ०१ पीजी ६५७७ नं. को सेतो रङ्गको स्कार्पियोभित्र सेतो प्लास्टिकको झोलामा नेपाली नक्कली नोट एक हजार दरको ४ सय ५० थान र पाँच सय दरको नोट ७२ थान फेला पारेको हो। सक्कली एक हजार दरका नोट दुई सय थान गरी पनि भेटिएको प्रहरीले जनाएको छ।

# विंगरको ठक्करबाट बालक घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २२ बैशाख।**

सप्तरीको हनुमाननगर कंकालिनि नगरपालिका २ सकरदही पुल नजिकै बिहीबार विंगरले एक बालकलाई ठक्कर दिएको छ।

राजबिराज भारदह सडक खण्डमा राजबिराजबाट बिराटनगरतर्फ जाँदै गरेको को.१ज.२५०५ न. को बिङगरले बाटो काट्ने क्रममा पैदल यात्री स्थानिय पिन्टु गोइतका ८ वर्षिय छोरा आर्यान गोइतलाई ठक्कर दिएको हो।

ठक्करबाट बालकको टाउको, बायाँ घुडामा चोट लागेकोले भारदह अस्पतालमा उपचार भइरहेको तथा गाडी र चालक इलाका प्रहरी कार्यालय भारदहको नियन्त्रमा रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# बन्धकमा रहेको दलित अगुवा सदाको शव चार दिनपछि ल्याइयो

**दैनिक समाचारदाता**
**राजविराज, २२ बैशाख।**

विराटनगरस्थित न्युरो अस्पतालमा चार दिनदेखि बन्धक बनाएर राखिएको समाजिक अभियन्ता दलित अगुवा ३८ वर्षिय बीरेन्द सदाको शव शुक्रवार आफन्तजनले घर ल्याएका छन्। शुक्रबारै उनको अन्त्येष्टि गरिएको छ।

समाजिक क्षेत्रमा सक्रिय रहेका सदा नेपाल राष्ट्रिय मुसहर संघका केन्द्रीय सदस्य समेत हुन्। उपचार खर्चको बाँकि बक्यौता रकम तिर्न नसकेपछि शव ल्याउन परिवारजनले चन्दा सहयोग संकलन अभियान मात्र थालेनन् कागज गरेर साहु महाजनसँग २ लाख रुपैया ऋण समेत उठाएका छन।

गाउँघरमा डुल्दै तथा समाजिक संजाल मार्फत सहयोगको याचना र कपाली कागज गरेर साहु महाजनबाट प्राप्त भएको रकमबाट बुबाको उपचार खर्च बुझाई शव ल्याएको छोरा अंकितले बताए।

अस्पताल नजिकै रहेको आर्यन फार्मेसीलाई औषधी खरिद गरे वापतको २ लाख भन्दा बढी तथा श्रीमानको उपचारमा लागेको रकम मधये २ लाख भन्दा बढी रुपैया बुझाएर शुक्रवार साँझ अस्पतालबाट शव बुझेको मृतकका पत्नी मालतीले बताईन।

अति विपन्न परिवारका सिरहाको मिर्चैया नगरपालिका ५ निवासी सदालाई ब्रेन ह्यामरेज भएपछी परिवारले उपचारका लागी चैत २८ गते विराटनगरको न्यूरो अस्पतालमा पुऱ्याएका थिए। २० दिन पछी बैशाख १९ मा उनको मृत्यु भयो।

उपचार वापतको सम्पुर्ण रकम तिरेर मात्रै शव लैजान पाउने भन्दै अस्पतालले रोकेपछी सदा परिवार रकमको जोहो गर्न भौंतारिका थिए। आर्थिक अवस्था कमजोर भएकाले उपचार वापतको बाँकी रकम तिर्न न सक्ने अवस्था उत्पन्न भएपछी सदा परिवारले सुरुमा स्थानीय साहुसंग हार गुहार गरेर कागज गरी २ लाख जुटाएर औषधी पसल र अस्पताललाई बुझाएको मृतककी श्रीमती मालतीले बताइन।

आईसियुमा राखेर लामो समय उपचार गर्दा अस्पतालको थप ३ लाख ३५ हजार तथा औषधी पसलको २ लाख ६५ हजार रुपैया खर्च पुगेपछी आफूहरु थप तनावमा परेको मृतकका भतिजा आशिषले सुनाए।

रकम संकलन भएपछी शुक्रवार अस्पताल र औषधी पसलको बक्यौता रकम बुझाएर बुआको शव पाएको छोरा अंकितले बताए। चन्दा संकलनमा सघाएका पचु माझीले शुक्रबार दिउँसोसम्म विभिन्न दाताहरुबाट २ लाख २० हजार रुँपैया सहयोगवापत प्राप्त भएको जानकारी दिए।

अस्पताल प्रशासनका अधिकृत मातृका पोखरेलले सदा परिवारले औषधी बाहेक उपचार खर्च वापत थप ३ लाख ३५ हजार बुझाउन बाँकि रहेकोमा सम्भव भएजति छुट गरेर शव आफन्तलाई बुझाइएको जानकारी दिए। उनले सदाको शव बन्धक नराखिएको तथा सदाको परिवारले नै पंसाको जोहो गर्न जान्छु भन्दै हिडेको र चार दिनपछि मात्र सम्पर्कमा आएको दाबी समेत गरे।

औषधी र उपचार खर्च जुटाउन् समाजसेवी दलित अगुवा पचु माझी मुसहरले समाजिक संजाल मार्फत अभियान चलाएको र त्यसपछी सहयोगी हातहरु थपिदै गएको अंकितले सुनाए।

**पत्रकार महासंघको साधारण सभा सम्बन्धी सूचना**

नेपाल पत्रकार महासंघ शाखा सप्तरीको ११औं वार्षिक साधारण सभा आउँदो बैशाख २५ गते निर्धारण गरिएकोमा विशेष कारणवश उक्त मितिमा हुन नसकेको जानकारी गराउँदै आगामी जेठ १२ गते शुक्रवारका दिन आयोजना हुने यसै सूचना मार्फत सम्पूर्ण साधारण सदस्यज्यूहरुमा जानकारी गराउँदछु।

यसै सूचनालाई आधार मानी तपसिल बमोजिमको स्थानमा उपस्थित भईदिन हुन हार्दिक अनुरोध समेत गर्दछु।

*नोट : सदस्यता नवीकरण गराउनु भएका सदस्यज्यूहरुलाई मात्रै साधारण सभामा सहभागी गराईनेछ।*

**स्थान :** सभाहल, नेपाल पत्रकार महासंघ शाखा कार्यालय राजविराज

**समय :** बिहान ९ बजेदेखि

**मिति :** २०८०/२/१२ गते शुक्रवार।

**अनुरोधकर्ता**
नेपाल पत्रकार महासंघ
शाखा, सप्तरी

## सम्पादकीय

### दुर्घटना हुनबाट आफै सचेत रहौं

अहिले सप्तरीमा दिनहुँजसो सवारी दुर्घटना हुने गरेको छ। जिल्लाको विभिन्न सडकहरुमा अहिले दुर्घटना हुने गरेको छ। हुलाकी राजमार्ग कालोपत्रे भएसँगै सोही सडकखण्डमा अहिले अधिकांश दुर्घटना हुने गरेको छ। सडक फराकिलो तथा कालोपत्रे भएपछि सवारीसाधनहरु पनि अनियन्त्रित तरिकाले चलाउनाले बढी दुर्घटना हुने गरेको प्रहरी तथ्याङ्कले देखाएको छ। यस्तै पूर्वपश्चिम राजमार्गमा पनि दुर्घटना हुने क्रम रोकिएको छैन्। त्यस्तै जिल्लाको भित्रि सडक खण्डमा पनि दुर्घटना भइरहेको छ।

दुर्घटना हुने प्रमुख कारण गति नियन्त्रण नहुनु नै हो। सवारीसाधन आफ्नै धुनमा जाने गरेको र अर्को सवारी ठोकिन पुग्नु पनि हो। जिल्लामा ट्राफिक प्रहरी पर्याप्त नहुनु र भएकाहरुले पनि मात्र लाइसेन्स र ब्लु बुक चेक गरेको देखिन्छ। उनीहरुले सो काम बाहेक सवारीसाधनहरुको गति कम गर्न कडा निर्देशन र ओभरटेक नगर्न समेत चेतना दिनुको साथै राजमार्ग क्षेत्रका व्यक्तिहरुलाई ट्राफिक नियम बारे चेतना जगाउनु आवश्यक भएको छ।

तसर्थ यस्ता घटना दुर्घटनाहरुबाट मानिसहरुको अकालमै मृत्यु हुने गरेकाले यसलाई रोक्न एवं नियन्त्रण गर्न सम्बन्धित निकायले कडा कदम चाल्नुका साथै जनचेतना समेत दिनु आवश्यक छ। यति मात्र नभएर यातायातका साधनहरु चलाउँदा संयमित हुनु जरुरी छ भने आफै पनि यसबारे चनाखो हुनु उत्तिकै आवश्यक छ।

# एचआइभी संक्रमितलाई मानवअधिकारबाट वञ्चित नगर्न आग्रह

काठमाडौँ, २२ वैशाख (रासस)। राष्ट्रिय मानवअधिकार आयोगले एचआइभी सङ्क्रमितलाई मानवअधिकारको हकबाट वञ्चित नगर्न आग्रह गरेको छ। आयोगले एचआइभी सङ्क्रमितको मानवअधिकारको अवस्थाबारे सार्वजनिक गरेको प्रतिवेदनमा सङ्क्रमितले मानवअधिकारको हकबाट वञ्चित हुनु परेको उल्लेख गरेको छ।

आयोगका कायममुकायम सचिव मुरारीप्रसाद खरेलले सङ्क्रमितहरूको जीवन र मर्यादा सम्मानित नरहेको आफूले पाएको बताउनुभयो। उहाँले अझ चरम गरिबीको रेखामुनि रहेका सङ्क्रमितहरूको मानव अधिकार अवस्था दयनीय रहेको पाइएको बताउनुभयो।

उहाँले एचआइभी सङ्क्रमितलाई रोजगार, शिक्षा र समाजिक सहभागितामा र आश्रित सन्तानको लालनपालन, शिक्षा जस्ता आवश्यकता पूर गर्ने समस्या रहेको बताउनुभयो। "राज्यका तीनै तहको औषधि वितरणमा समस्या छैन। सङ्क्रमितलाई रोजगार, शिक्षा र समाजिक सहभागितमा समस्या रहेको छ," उहाँले भन्नुभयो, "सङ्क्रमित बालबालिकालाई भर्ना नलिएको, सङ्क्रमितको शल्यक्रिया उपचार पनि नगरेको पाइयो।"

प्रतिवेदनमा पुरुषको तुलनामा सङ्क्रमित महिलाको मानव अधिकार अवस्था थप जटिल रहेको जनाइएको छ। उहाँले भारतमा काम गर्न जाने सङ्क्रमितले सजिलै औषधि नपाएको समेत बताउनुभयो।

कामु सचिव खरेलले सङ्क्रमितलाई समाजले सहजै स्वीकार गर्न नसकेको, विभेद र लाञ्छनामा परेको भन्दै स्थानीय तहले आफ्नो पालिकामा कति सङ्क्रमित छ भनेर तथ्याङ्क लिन नसकेको पाएको बताउनुभयो।

यस्तै, अधिकांश सङ्क्रमितहरू चरम गरिबीको रेखामुनि रहेको, आधारभूत आवश्यकता परिपूर्ति सहज ढङ्गले गर्न नसकेको, पोषण खाद्य सामग्रीको अभावमा जीवन निर्वाह गर्न परेको, एआरटी सेन्टरमा पुग्नका लागि आवश्यक भाडा रकम समेतको अभाव झेल्नु परेको जस्तो समस्या देखिएको आयोगका उपसचिव बुद्धनारायण साहनीले बताउनुभयो।

यस्तै, सङ्क्रमित र तिनका परिवारहरूका लागि स्वास्थ्य बीमाको सकारात्मक प्रभाव रहेको र भारत बाहेकका राष्ट्रमा गई फर्किआएका व्यक्तिमा कम मात्रामा सङ्क्रमण रहेको आयोगले जनाएको छ।

यस्तै, आयोगले सार्वजनिक गरेको प्रतिवेदनमा एचआइभी सङ्क्रमित महिला, महिला भएकै कारणले थप लाञ्छना तथा भेदभाव व्यहोर्न परेको र जीवन निर्वाह, उपचार, बालबच्चाको लालनपालन कार्यमा झन् जटिलता थपिएको उल्लेख गरिएको छ।

कानुनी आधार प्रमाण नभएका आधारमा नागरिकता नपाएका महिलाहरू थप जटिलता भोग्नु परिरहेको र विद्यालयमा अध्ययनरत सङ्क्रमित बालबालिकाले पहिचान लुकाई अध्ययन गर्ने गरिरहेका, पहिचान खुले खुलाएको खण्डमा शिक्षक, विद्यार्थीसाथीहरूबाट पनि विभिन्न किसिमका घोचपेच, लाञ्छनाजन्य व्यवहार खेप्नु परेको आयोगले जनाएको छ।

चरम गरिबीको रेखामुनि रहेका घरपरिवारका सङ्क्रमित बालबालिकाहरू दश जोड दुई र उच्च शिक्षा अध्ययन गर्ने कुरा पहुँच बाहिर रहेको उल्लेख गर्दै दश जोड दुई वा उच्च शिक्षा अध्ययन गर्न चाहने सङ्क्रमित विद्यार्थीहरूका लागि पनि राज्यले छात्रवृत्ति लगायतका सुविधा प्रदान गर्नुपर्ने आवश्यक देखिएको आयोगले बताएको छ।

**नागरिकता नपाएको गुनासो**

कतिपय एचआइभी सङ्क्रमण भएकै आधारमा नागरिकता नपाएको व्यक्तिहरू फेला परेको जनाइएको छ। नागरिकता प्राप्तिका लागि आवश्यक पर्ने कानुनी आधार र प्रमाण अभावको कारणले सङ्क्रमित भएका व्यक्तिहरूले नागरिकता नपाएको, तिनका सन्तानको जन्मदर्ता नपाएको आयोगले जनाएको छ।

आयोगका अनुसार नवलपरासी पश्चिममा यस्ता सङ्क्रमित व्यक्तिहरूको सङ्ख्या ९० भन्दा धेरै रहेको जनाएको छ।

आयोगले एचआइभी सङ्क्रमितलाई लाञ्छना तथा भेदभावजन्य जस्ता व्यवहारबाट मानव अधिकार संरक्षणका लागि उजुरी संयन्त्र प्रभावकारी बनाउने सरकारलाई सुझाव दिएको छ।

यस्तै, नयाँ एचआइभी दर लक्ष्यअनुसार घटाउनका लागि समुदाय स्तरमै एचआइभी परीक्षण कार्य प्रभावकारी बनाउनसमेत आयोगले आग्रह गरेको छ। एचआइभी सङ्क्रमण सुईबाट लागूपदार्थ लिने व्यक्ति, पुरुषसँग यौनसम्पर्क गर्ने पुरुष, ट्रान्सजेन्डर व्यक्ति, पुरुष यौनकर्मी, महिला यौनकर्मी, पुरुष प्रवासी श्रमिक र उनीहरूका परिवारमा उच्च रहेको छ।

नयाँ सङ्क्रमण दर प्रवासीमा २५ प्रतिशत, पुरुषसँग यौसम्पर्क गर्ने पुरुष र ट्रान्सजेन्डर व्यक्तिहरूमा १९, महिला यौनकर्मीमा नौ, पुरुष यौनकर्मीहरूमा आठ र सुईबाट लागूपदार्थ लिने व्यक्तिहरूमा दुई प्रतिशत रहेको राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रले जनाएको छ। नेपालमा २०२० को डिसेम्बरसम्म ३० हजार तीन सय एचआइभी सङ्क्रमित रहेका छन्।

# सशस्त्र प्रहरीको 'एक जवान, एक बेडिङ कार्यक्रम'

काठमाडौँ, २२ वैशाख (रासस)। सशस्त्र प्रहरी कर्मचारीहरूले अब सरुवा भएर अन्यत्र जाँदा गुन्टा बोकेर जानु नपर्ने भएको छ। सशस्त्र प्रहरी बल नेपालले 'एक जवान एक बेडिङ' अवधारणाअनुसार आवश्यक व्यवस्थापन गरेकाले अब आफ्नो व्यक्तिगत सामान मात्रै बोकेर गए हुने भएको जनाइएको छ।

यसअघि सशस्त्र प्रहरी सरुवा भएर जाँदा आफ्नो विस्ताराका लागि प्रयोग हुने सरसामानसमेत बोकेर हिँड्नुपर्ने बाध्यता रहेको थियो। "अब त्यो बाध्यता हटेको छ, त्यसरी गुन्टा बोकेर जानुपर्ने अवस्था अन्त्य गरिएको छ, सशस्त्र प्रहरी बल नेपालका केन्द्रीय प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्र खड्काले भन्नुभयो, "ससस्त्र प्रहरीका धेरै गतिविधिमा सुधार गर्दै लगिएको छ।"

उहाँका अनुसार एक जवान एक बेडिङको अवधारणाअनुसार ८५ प्रतिशत कर्मचारीका लागि शय्या तयार भइसकेको छ। बाँकीका लागि पनि तयारीको अवस्थामा राखिएको छ।

प्रवक्ता खड्काका अनुसार सशस्त्र प्रहरीका विभिन्न ७० युनिटमा शिशु स्याहार केन्द्रसमेत स्थापना गरिएको र त्यहाँ एक सशस्त्र कर्मचारीले रेखदेख गर्ने तथा अरूभने कार्यक्षेत्रमा खटिने गरी व्यवस्था गरिएको छ।

यस्तै आधारभूत आवश्यकतालाई ध्यानमा राखेर विशेष सुधारका काम पनि गरिएको उहाँले बताउनुभयो। प्रवक्ता खड्काका अनुसार विभिन्न ६५ वटा मेसको स्तरोन्नति गरिएको छ।

जनशक्तिको अनुपातमा शौचालय तथा स्नान गृहको निर्माण पनि गरिएको सशस्त्र प्रहरी बल नेपालले जनाएको छ। इन्डक्सन चुल्होको प्रयोग बढाउँदै लगिएको र अन्य सुधारात्मक कामलाई तीव्र गति दिइएको जनाइएको छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# एसियाका तारा गौतम बुद्ध

**पूर्णप्रसाद मिश्र**

काठमाडौं, २२ वैशाख (रासस)।

इसापूर्व ५२८ को वैशाख शुक्ल पूर्णिमाका दिन सिद्धार्थ गौतमले बुद्धगयास्थित पीपलको रुख (बोधिवृक्ष) मुनि बुद्धत्व प्राप्त गर्नुभयो।

बुद्धत्व प्राप्त गरेपछि नै उहाँलाई गौतम बुद्ध, बुद्ध भगवान् आदि नामले पुकारिएको हो। गौतम बुद्धलाई एसियाका ताराका रुपमा पनि चिनिन्छ। दुःखलाई नाश गर्न तृष्णा क्षय गर्ने आठ मार्ग नै बुद्धले पाउनुभएको ज्ञान हो। सम्यक् सङ्कल्प, सम्यक् दृष्टि, सम्यक् वचन, सम्यक् कर्म, सम्यक् आजीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि यी आठ मार्ग हुन् भनी उहाँले ज्ञान बाँड्नुभएको थियो।

यी ज्ञान पहिलोपटक सारनाथस्थित मृगदावनमा पञ्चवर्गीय भिक्षुलाई प्रवचन (धर्मदेशना) का माध्यमबाट बाँड्नुभएको थियो। झण्डै ४५ वर्षसम्म यस्तो ज्ञान बाँडेपछि ८० वर्षको उमेरमा इसा पूर्व ४८३ मा वैशाख शुक्ल पूर्णिमाकै दिन कुशीनगरमा उहाँले महापरिनिर्वाण (मृत्यु) प्राप्त गर्नुभयो।

विश्व जगतमा शान्तिका अग्रदूत र एसियाका ताराका रुपमा भगवान् गौतम बुद्धलाई चिनिन्छ। बुद्धले आठ मार्गका माध्यमबाट शान्ति, अहिंसा, मैत्री र करुणाको शिक्षा आम मानिसलाई दिनुभयो। यसैकारण विश्वमा बुद्ध दर्शनले सम्प्रदाय वा पथको रुप धारण गरेको हो।

विसं २००८ जेठ ८ गते बुद्धजयन्तीका दिनदेखि यस पर्वका अवसरमा देशभर सार्वजनिक बिदा दिन थालिएको हो। विसं २०१२ फागुन ७ गते लुम्बिनीमा बुद्धजयन्तीका दिन हत्या, हिंसामाथि प्रतिबन्धको घोषणा गरिएको थियो।

विश्वशान्तिका अग्रदूत भगवान् गौतमबुद्धको जन्मजयन्तीका दिन संयुक्त राष्ट्रसङ्घीय प्रणालीमा पनि सन् २००२ देखि सार्वजनिक बिदा दिइँदै आएको छ। हालसम्म विश्वका प्रकाशनमध्ये बुद्धसम्बन्धी सबैभन्दा बढी पुस्तक प्रकाशित भएको बताइन्छ।

यिनमा बेलायतबाट प्रकाशित डेली टेलिग्राफका सम्पादक सर एडविन आर्नोल्डको 'एसियाको ज्योति (१८७९)' तत्कालीन भारतीय संविधान मस्यौदा समितिका अध्यक्ष डा बाबा साहेब अम्बेडकरको 'बुद्ध र उनको धम्म (१९५७)' र सन् १९४६ मा साहित्यमा नोबेल पुरस्कार प्राप्त जर्मन उपन्यासकार हेर्मन हेस्सेको 'सिद्धार्थ (१९२२)' प्रसिद्ध छन्।

यसैगरी जर्मनीका माथेरा न्यानातिलोकाले 'बुद्धिस्ट डिक्सनरी' (१९५०), 'विश्वमा बुद्ध' (१९०६), फ्रान्सका डा. वाल्पोला राहुलको 'बुद्धको विचार' (१९५९), इटलीका जिसेप्पे टिउचिलेको 'मुस्ताङको भ्रमण' (१९६९) आदि पुस्तकले बुद्धलाई अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्।

विश्वका अति प्रसिद्ध अक्सफोर्ड, क्याम्ब्रिज, हार्वर्ड आदि विश्वविद्यालयमा बौद्ध अध्ययन हुँदै आएको छ। यसैगरी त्रिभुवन, नेपाल संस्कृत, लुम्बिनी बौद्ध विश्वविद्यालयलगायतले पनि बौद्ध दर्शनमा स्नातकोत्तर (एमए) को अध्ययन अध्यापन गर्दै आएका छन्।

बुद्धले आफ्नो ८० वर्षे जीवनकालमा ८४ हजार पटक प्रवचन दिनुभयो जुन 'विनय', 'सुत्त', 'अभिधम्म', 'त्रिपिटक' आदि पुस्तकमा सङ्ग्रहित छन्। सम्राट् अशोकले इ पू २४९ मा 'हित बुद्ध जातेती लुम्बिनी ग्रामे' भनी ब्राह्मी लिपिमा पाली भाषामा लेखेको अशोक स्तम्भ पत्ता लागेको एक शताब्दी पूरा भइसकेको छ।

तत्कालीन वेस्टर्न कमान्डर जनरल खड्गशमशेर राणाले शिकार खेल्न जाँदा सन् १८९६ मा लुम्बिनीमा उक्त स्तम्भ देखी पुरातत्व विशेषज्ञ डा फुररको सहयोगमा स्तम्भ संरक्षण गरिएको थियो।

सन् १९५६ मा चौथो विश्व बौद्ध मातृत्व सम्मेलन नेपालमा आयोजना गरिएको थियो। सन् १९६७ मा संयुक्त राष्ट्रसङ्घका तत्कालीन महासचिव उ थान्तको नेपाल आगमनबाट लुम्बिनी विकासको बृहत्तर योजना आरम्भ भएको हो।

बुद्ध जन्मिएको नेपाललाई विश्वमा चिनाउन २०७० सालको अन्तिमतिर अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन जानुभएका तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले नेपालका साथै एसियाका भारत, बर्मा, श्रीलङ्का, थाइल्यान्ड, हङकङ, मङ्गोलिया, भुटान, सिङ्गापुरलगायत देशलाई समेटेर बौद्ध परिपथको प्रस्ताव गर्नुभएको थियो। प्रस्तावलाई धेरै देशले समर्थन गरेका थिए।

नेपालमा पनि लुम्बिनी, स्वयम्भू, बौद्ध, मणिचुड, नमोबुद्ध, हलेसीलगायत बौद्ध तीर्थस्थललाई समेटेर बौद्ध परिपथको प्रस्ताव गरिएको छ। प्रस्ताव गरिएका यी दुवै परिपथले पूर्णता भने पाउन सकेका छैनन्। बुद्ध जयन्ती वा यस्तै अन्य अवसरमा प्रस्ताव गर्ने तर त्यसको कार्यान्वयनका लागि काम हुन नसकेको टिप्पणी हुने गरेको छ।

प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन मनाइने बुद्धजयन्ती पर्व आज भगवान् विष्णुको नवौं अवतारका रुपमा जन्म लिनुभएका सिद्धार्थ गौतमको पूजा, आराधना एवं प्रवचन गरी मनाइँदै छ। सिद्धार्थ गौतमले विश्व शान्ति स्थापनाका लागि पुऱ्याउनुभएको योगदानको स्मरण स्वरुप यो पर्व मनाउने गरिएको हो।

बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण (मृत्यु) वैशाख शुक्ल पूर्णिमाकै तिथिमा परेकाले यस दिन नेपाललगायत विश्वका बौद्ध धर्मावलम्बीले बुद्धप्रति भावपूर्ण श्रद्धा र भक्तिले बुद्धजयन्ती मनाउने गर्दछन्। "अहिंसा नै शान्ति र मैत्रीको आधारशिला हो", यस्ता अनेकौं कालजयी सन्देशका वाहक भगवान् गौतम बुद्धको २५६७ औं जयन्ती शान्तिको कामना गर्दै शुक्रबार देशभर मनाउन लागिएको हो।

बौद्ध धर्मावलम्बीले चैत्य, गुम्बा, विहारलगायत स्थलमा लामा एवं बौद्ध धर्मगुरु बसेर परम्परादेखि हुँदै आएको पूजालगायत विधि पूरा गरिन्छ। आम मानिसलाई बेलुकी घरमा दीपावली गरेर बुद्धजयन्ती मनाउन सरकारले आह्वान गरेको छ।

यस अवसरमा लुम्बिनी, स्वयम्भू, बौद्धलगायत स्थलमा विविध कार्यक्रम आयोजना गरी बुद्धजयन्ती मनाउने परम्परा छ। इसापूर्व ५६३ अर्थात् आजभन्दा २५६७ वर्षअघि रुपन्देही जिल्लास्थित लुम्बिनी उद्यानमा पिता राजा शुद्धोधन र माता मायादेवीको गर्भबाट वैशाख शुक्ल पूर्णिमाका दिन सिद्धार्थ गौतमको जन्म भएको थियो।

राजकुमारका रुपमा जन्म लिनुभएका सिद्धार्थ गौतम मानिसले पाएका दुःख देखेर चिन्तित बन्नुभयो। २९ वर्षको उमेरमा दरबार छोडी तपस्याका लागि निस्कनुभयो। दरबार त्यागेर निस्केपछि नै उहाँले बुद्धत्व प्राप्त गर्नुभएको हो।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**सप्तकोशी नगरपालिका, सप्तरी**


## विश्व समाचार

### क्रेमलिन ड्रोन हमलामा वाशिङ्टन जिम्बेवार : रुस

मस्को/वाशिङ्टन, २२ वैशाख (रासस-सिन्ह्वा)।

हालै क्रेमलिनमा भएको ड्रोन हमलाको पछाडि संयुक्त राज्य अमेरिका र युक्रेनको हात रहेको क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले बिहीबार बताएका छन्। "हामीसँग यसको प्रमाण छ। त्यो सम्बन्धित डाटा हाम्रो विशेष सेवाले प्राप्त गरेको छ," पेस्कोभले क्रेमलिनमा बुधबार यस बारे उल्लेख गरेका छन्।

प्रवक्ता पेस्कोभले भने- "अमेरिकाले यो बुझ्नुपर्छ कि रुस आतङ्कवादी हमलामा आफ्नो सहभागिता बारे सचेत छ। वाशिङटनका लागि "द्वन्द्वमा यस्तो प्रत्यक्ष सहभागिता वास्तवमा कत्तिको खतरनाक छ भनेर बुझ्नु अझ महत्त्वपूर्ण छ।"रुसी राष्ट्रपतिको प्रेस सेवाले बुधबार युक्रेनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको क्रेमलिन निवासमा आक्रमण गर्न दुईवटा ड्रोन प्रयोग गरेर हत्या गर्ने प्रयास गरेको दाबी गरेको छ।

यसैबीच अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीले बिहीबार रुसको दाबी गलत भएको बताएका छन्। उनले स्थानीय सञ्चारमाध्यमलाई जनाए अनुसार आक्रमणमा "संयुक्त राज्य अमेरिकाको कुनै संलग्नता छैन।"

### पाकिस्तानको विदेशी मुद्रा सञ्चिति ६० लाख अमेरिकी डलरले घट्यो

इस्लामावाद, २२ वैशाख, (रासस-सिन्ह्वा)।

स्टेट बैंक अफ पाकिस्तान (एसबीपी) ले आफ्नो विदेशी मुद्रा सञ्चिति ६० लाख अमेरिकी डलरले घटेको जनाएको छ। गत अप्रिल २८ मा उल्लेख भएअनुसार पाकिस्तानी केन्द्रीय बैंकको कुल विदेशी मुद्रा सञ्चिति लगभग ४.५ बिलियन डलरमा झरेको पनि एसबीपीले बिहीबार विज्ञप्ति जारी गर्दै उल्लेख गरेको छ।

वाणिज्य बैंकहरुसँग रहेको खुद विदेशी सञ्चिति करिब ५ अर्ब ६ करोड डलर पुगेको पनि केन्द्रीय बैंकले जनाएको छ। एसबीपीका अनुसार पाकिस्तानमा रहेको कुल तरल विदेशी मुद्रा करिब १० अर्ब डलर रहेको छ।

पाकिस्तानले केही समयदेखि आफ्नो विदेशी मुद्रा सञ्चितिमा कमीको सामना गरिरहेको छ जसले समग्र विनिमय दर र दक्षिण एसियाली देशमा व्यापार र आर्थिक गतिविधिलाई प्रत्यक्ष असर गरिरहेको छ।

### पाकिस्तानका कुख्यात आतङ्ककारी मारिए

इस्लामाबाद, २२ वैशाख, (रासस-सिन्ह्वा)।

पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तको प्रहरीले बिहीबार डेरा इस्माइल खान जिल्लामा भएको मुठभेडमा एक जना मोस्ट वान्टेड आतङ्कवादीलाई मारेको विज्ञप्तिमा उल्लेख छ। प्रहरीका अनुसार जिल्लाको फतेह मोर इलाकामा मोहम्मद इकबाल आलिया बाली खियार नाम गरेका आतङ्ककारी साथीसहित मारिएका हुन्।

प्रहरीको एन्टी टेररिस्ट स्क्वाडका कर्मचारीले आतङ्ककारीलाई घेरेर आत्मसमर्पण गर्न आग्रह गरे पनि उनीहरूले प्रहरीमाथि गोली प्रहार गरेपछि गोली हानाहानमा मारिएको प्रहरीले जनाएको छ।

खैबर पख्तुनख्वा र पञ्जाब प्रान्तहरूले आतङ्कवाद, लक्षित हत्या र फिरौतीका लागि प्रहरी अधिकारी र सर्वसाधारणको अपहरण सम्बन्धी २६ वटा मुद्दामा अत्यधिक खोजीमा रहेका आतङ्ककारीको खोजीका लागि इनामको घोषणा पनि गरिएको थियो।

### श्रीलङ्काका राष्ट्रपतिद्वारा बुद्ध पूर्णिमाका अवसरमा ९८८ कैदीलाई माफी

कोलम्बो, २२ वैशाख, (रासस-सिन्ह्वा)।

श्रीलङ्काका राष्ट्रपतिले बौद्ध धर्मावलम्बीहरूको सबैभन्दा महत्त्वपूर्ण धार्मिक पर्व वेसाक दिवस (बुद्ध पूर्णिमा) का अवसरमा ९८८ कैदीहरूलाई आममाफी दिदै रिहा गर्नु भएको छ।कारागार विभागका आयुक्त तथा प्रवक्ता चन्दना एकनायकेले देशको संविधानको धारा ३४ बमोजिम राष्ट्रपति रनिल विक्रमासिङ्घेले सो आममाफी दिनु भएको सञ्चारमाध्यमलाई बताउनुभयो।

प्रवक्ता एकनायकेले विभिन्न शर्तका आधारमा यो आममाफी दिइएको बताउनु भएको छ। श्रीलङ्काले सामान्यतया स्वतन्त्रता दिवस र प्रमुख धार्मिक कार्यक्रमहरूमा कैदीहरूलाई माफी दिने गर्दछ्यो आममाफी हत्या, लागुऔषधको गम्भीर अपराध, बलात्कार र सशस्त्र डकैतीलगायत गम्भीर फौजदारी अपराधमा दोषी ठहर भएकाहरूका सन्दर्भमा भने लागू हुँदैन।

# सिम्रिक एयरको हेलिकप्टर दुर्घटनामा एक जनाको मृत्यु



**दैनिक समाचारदाता**
**काठमाडौं, २२ बैशाख ।**

संखुवासभामा सिम्रिक एयरको हेलिकप्टर दुर्घटनामा एक जनाको मृत्यु भएको छ। दुर्घटनामा परी गम्भीर घाइते भएका भविन गुरुङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रवक्ता भुवनबाबु खड्काले जानकारी दिए। मृतक गुरुङले हेलिकप्टरमा सहयोगीका रुपमा काम गर्दै आएका थिए।

माथिल्लो अरुण हाइड्रो पावरका सामान गोला भन्ने स्थानबाट सिप्रुङ भन्ने स्थानमा लैजाँदै गर्दा भोटखोला गाउँपालिका वडा नम्बर ४ सिप्रुङमा हेलिकोप्टर दुर्घटनामा परेको थियो। दुर्घटनामा क्याप्टेन सुरेन्द्र पौडेल, को-पाइलट छिरिङ भोटे, अर्का सहयोगी मनोज थापा र नेपाल विद्युत् प्राधिकरणका कर्मचारी विक्रम शंकर घाइते भएका प्रहरीले जनाएको छ।

घाइते चारै जनालाई उपचारका लागि काठमाडौं ल्याइएको छ। क्याप्टेन सुरेन्द्र पौडेल, कोपाइलट छिरिङ भोटे, सहयोगी मनोज थापालाई घटनास्थलबाटै उद्धार गरेर काठमाडौं ल्याइएको हो। विक्रम शंकरलाई सुरुमा उपचारका लागि जिल्ला अस्पताल संखुवासभामा लगे पनि त्यहाँ उपचार हुन नसकेपछि हेलिकप्टरबाटै काठमाडौं ल्याइएको हो।

# काम नगर्ने कम्पनीलाई कारबाही गर्न निर्देशन

काठमाडौं, २२ वैशाख (रासस)।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले हुलाकी राजमार्गअन्तर्गत बेतौना-विराटनगर सडक खण्डको काम नगर्ने निर्माण कम्पनीलाई कारबाही अघि बढाउन निर्देशन दिनुभएको छ।

मन्त्री ज्वालाले सडक विभाग र इटहरी कार्यालयका आयोजना प्रमुखलाई टेलिफोन गरी तत्काल निर्माण कम्पनीलाई कारबाही गर्न निर्देशन दिनुभएको हो। उहाँले समस्या तत्काल समाधान गर्न मातहतका निकायलाई निर्देशन दिनुभएको छ।

बेतौनादेखि विराटनगरसम्मको झन्डै १८ किलोमिटर सडक निर्माणका लागि सञ्चालित दुई ठेक्काको निर्माण एक महिनादेखि ठप्प छ। निर्माण रोकिएपछि इटहरी कार्यालयले निर्माण व्यवसायीलाई लिखित पत्राचार गरिसकेको छ। निर्माण सम्पन्न गर्ने गरी तत्काल काम अघि नबढाए निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन, नियमावली तथा ठेक्का सम्झौताका सर्तबमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउने आयोजनाले जनाएको छ।

हुलाकी राजमार्गको सो खण्डको निर्माण रोकिएको विषयमा विगतदेखि नै जनप्रतिनिधिले चासो देखाउँदै आएका छन्। अहिले निर्माण कम्पनीले कामा ठप्प गरेपछि सङ्घीय सांसद, प्रदेशसभा सदस्य र पाँच स्थानीय तहका जनप्रतिनिधिले शुक्रबार पत्रकार सम्मेलन गरेका थिए।

हुलाकी राजमार्ग निर्देशनालयअन्तर्गतको इटहरी योजनाको कार्यक्षेत्रमा झापा, मोरङ, सुनसरी र सप्तरी गरी चार जिल्ला छन्। जम्मा ४४ किमी खण्डमा पाँच ठेक्का लगाइएकोमध्ये हालसम्म २० किमी सडकमा कालोपत्र भइसकेको छ।

# रास्वपाद्वारा सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय

**दैनिक समाचारदाता**
**काठमाडौं, २२ बैशाख ।**

राष्ट्रिय स्वतन्त्र पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको छ।

शुक्रबार पार्टी कार्यालय बसुन्धारामा बसेको रास्वपाको संयुक्त बैठकले उक्त निर्णय गरेकोहो।

सत्ता गठबन्धनले रास्वपालाई सरकारमा ल्याउन खोजिरहेको थियो। तर रास्वपाले भने सरकारले न्यूनतम साझा कार्यक्रममा आफ्नो एजेन्डा हटाएको भन्दै आपत्ति जनाउँदै आएको थियो।

पार्टी सभापति रवि लामिछानेले पनि सांसदको शपथ लिएको बेला सरकारमा जानेभन्दा फिर्ता लिने सम्भावना बढेको बताएका थिए।


## कर्मचारी आवश्यक

आसमान नेपाल राष्ट्रय स्तरको गैरनाफामुलक गैरसरकारी संस्था हो र यसको स्थापना सन् १९९९ मा धनुषा जिल्लामा भएको हो। यो संस्था आफ्नो ६ वटा thematic Area (शिक्षा, बालसंरक्षण, स्वास्थ्य, पोषण, महिला शसक्तिकरण, जिविकोपार्जन प्राकृतिक श्रोत ब्यबस्थापन प्रकोप न्यूनिकरण र सुशासन) देश भरीका १६ वटा जिल्लामा आफ्ना कार्यक्रमहरु संचालन गरिरहेको छ। हाल विश्व खाद्य कार्यकम र आसमान नेपालको साझेदारीमा यस प्रदेशको सिरहा र सप्तरी जिल्लामा संचालित आमा तथा बाल स्वास्थ्य र पोषण परियोजना (MCHN) संचालनको लागि तपसिल बमोजिमको पदका लागि कर्मचारी आवश्यक भएको हुँदा योग्यता पुगेको ईच्छुक नेपाली नागरिकहरुबाट आवेदन माँग गरिएको छ।

**तपसिल**

| क.स. | पद | संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| १ | पोषण सुपरिवेक्षक | ३ जना | १) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ANM, AHW उत्तिर्ण भई कम्तिमा १ वर्षको सम्बन्धित क्षेत्रमा कार्यानुभव भएको।<br>२) परियोजनाको कार्य सम्बन्धि ज्ञान भएको। |

**आवेदन दिने अन्तिम मिती :** २०८० साल बैशाख २९ गते शुकवार अपरान्ह ५.०० बजे सम्म।

**आवेदन दिने प्रकृया :** C.V. सहित निवेदन hard copy संस्थाको कार्यालयमा वा soft copy email ID asnvacancysaptari@ gmail.com मा इमेल गर्न सकिनेछ।

**छनौट प्रकृया :** निर्धारित अवधिभित्र प्राप्त आवेदनहरु मध्ये छनौट सूचीमा परेका उमेदवारहरुलाई मात्र लिखित तथा मौखिक परीक्षामा सहभागि गराइने छ।

***नोट :*** *स्थानिय, महिला, दलित, आदिवासी, जनजाति, सिमान्तकृत तथा मधेसी आवेदकलाई विशेष प्राथमिकता दिइनेछ।*

कर्मचारी छनौटका सम्पूर्ण अधिकार संस्थामा निहित रहने छ साथै छनौट भएका कर्मचारीहरुको सेवा सुविधा संस्थाको नियम बमोजिम हुनेछ।

**कार्यालयको ठेगाना**
**आसमान नेपाल**
राजविराज ३ (कल्टुदास पोखरीको पश्चिमपट्टी)
फोन न. ०३१-५३१०८७



## डा. कालीप्रसाद यादव

**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

**MBBS, MD (BPKIHS) NMC NO. 19992**

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



## सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरु

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS MONEY TRANSFER, Best Remit Quick & Easy, PRABHU Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*